नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-१४२ दायर मितिः-२०८१/०६/२३**

**फैसला मितिः-२०८१/०७/०८**

**वादी**

**नेहा गुसाको जाहेरीले**

**नेपाल सरकार.........................१**

**प्रतिवादी**

**जिल्ला बारा कलैया उ.म.न.पा.वडा नं.३ घरभई जिल्ला पर्सा बी.म.न.पा.वडा नं.१३ बस्ने नुरोनबी मन्सुरको छोरा बर्ष १८ को नुरासन मन्सुर भन्ने नुरहसन अली मन्सुर .........१**

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले जाहेरवालीलाई गाली गलौज गर्दै बिभिन्न धाक धम्की दिदै अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।
२. प्रतिवादीले जाहेरवालीलाई गाली गलौज गर्दै बिभिन्न धाक धम्की दिदै अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. म र जाहेरवाली बिच बाद विवाद भएको हुँदा मलाई प्रहरीले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. जाहेरवालीको घरमा प्रवेश गरी जाहेरवालीलाई अभद्र व्यवहार गरेकोले प्रतिवादीलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका अस्ताब मंसुरी समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको ईन्कारी बयान ।
७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा जाहेरीलाई अभद्र व्यवहार गरेको छैन भनि प्रतिवादीले ईन्कारी बयान गरेता पनि मिति २०८१।०६।०५ गते अं.०५:०० बजेको समयमा मेरो घरमा अन्य कोही नभएको मौका छोपी प्रतिवादी नुरासन मन्सुर भन्ने नुरहसन अली मन्सुर पर्खालबाट हाम फाली घरमा प्रवेश गरी अनावश्यक हर्कत गर्न खोजेकोले निजलाई सम्झाउँदा उल्टै आवेशमा आई गाली गलौज गर्दै हातमुख बाधी कुटपिट गर्ने प्रयास गरेकोले मैले हो-हल्ला गर्दा छरछिमेकका मानिसहरु भेला जम्मा भएकोले निज भागी फरार भएको र पछी मेरो मोबाईलमा फोन गरी गाली गलौज गर्दै बिभिन्न धाकधम्की दिदै अभद्र व्यहोरा गरेको भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी नुरासन मन्सुर भन्ने नुरहसन अली मन्सुरलाई कैद दिन १५, जरिवाना रु.३०००/- अक्षरेपी तीन हजार मात्र र क्षतिपूर्ती शुल्क रु.२००/- अक्षरेपी दुई सय मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी नुरासन मन्सुर भन्ने नुरहसन अली मन्सुरलाई ठहरेको कैद दिन १५ को हकमा निज मिति २०८१/०६/०८ देखि २०८१/०६/२२ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवाना तथा क्षतिपूर्ती शुल्कको हकमा र.नं.९४/२०८१/०६/२३ बाट दाखिला गरेको धरौटी रकम रु३२००/- बाट जरिवाना रकम रु.३०००/- र क्षतिपूर्ती शुल्क रु.२००/- कट्टी गर्नु------------------------------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु---------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु-----------------------१

**दिनेश सागर भुसाल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ कार्तिक महिना ८ गते विहीवार रोज ५/ ने.सं. ११४४ कौलागा अष्ठमी, शुभम् .......